कालिका गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

धैबुङ्, रसुवा

बागमती प्रदेश, नेपाल

फोन: ०१०-५४१०१८


प.सं. : २०७७।७८

च.नं. :

मिति: २०७७।०७।०३

विषय : कोभिड-१९ व्यवस्थापन सम्बन्धी कालिका गाउँपालिकाको अत्यन्त जरुरी सूचना ।

यस कालिका गाउँपालिकाबाट मिति २०७७।६।२८ मा विभिन्न १४१ व्यक्तिहरु (संक्रमित तथा संक्रमितको नजिकको सम्पर्कमा हुनुभएको अन्य व्यक्ति) को स्वाव संकलन गरी कोभिड-१९ परीक्षणको लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकु पठाईएकोमा मिति २०७७।७।३ मा प्राप्त भएको नतिजा अनुसार पुराना ९ जना संक्रमित सहित जम्मा ३६ जना (थप २७ जना) व्यक्तिहरुमा कोभिड-१९ संक्रमण पुष्टि भएको छ । हामी वहाँहरु सबैको शीघ्र संक्रमण मुक्तीको कामना गर्दछौं । यस परिस्थितिमा विद्यमान कोभिड-१९ महामारीको व्यवस्थापन तथा संक्रमण न्यूनीकरणका लागि तपशिल बमोजिम गर्नु गराउनुहुन सरोकारवाला सबैमा सादर अनुरोध गर्दछौं ।

तपशिल

१. हाल संक्रमित सम्पूर्ण महानुभावहरुले उच्च मनोबलका साथ स्वास्थ्य सतर्कता एवम् व्यक्तिगत सुरक्षा मापदण्ड पालना गरी अनुशासित रुपमा होम आईसोलेशनमा बसी स्वास्थ्यलाभ गर्नुहुन।

२. संक्रमितमा कडा लक्षण चिन्ह देखा परी स्वास्थ्यकर्मीको सहयोग र थप उपचार आवश्यक भएको अवस्थामा मात्र संस्थागत आईसोलेशनमा भर्ना गरी उपचारको लागि सम्बन्धित निकायमा जानकारी गराउनुहुन । साथै संक्रमितको संख्या दिनानुदिन बढ्दै जाँदा परिस्थितिलाई नियन्त्रण गर्न कठिन हुने विषय मनन गरिदिनुहुन ।

३. गाउँ कार्यपालिकाका कर्मचारीहरुमा समेत संक्रमण पुष्टी भएको हुँदा अर्को सूचना नभएसम्मको लागि गाउँपालिका र अन्तर्गतबाट अत्यावश्यक बाहेकका सेवाहरु बन्द गर्नु गराउनुहुन ।

४. बडादशैं लगायत चाडबाडको अवसरमा मन्दिर, गुम्बा तथा शक्तिपिठहरु (विशेष गरी कालिका मन्दिर लगायत मन्दिर/शक्तिपिठ) मा हुने पुजाआजा तथा वली दिने कार्य स्थानीय प्रशासनबाट समेत निषेध गरिएको हुँदा त्यस्ता स्थानहरुमा भिडभाड हुने गरी हुने पुजाआजा तथा वली दिने कार्य नगर्नुहुन, सबैले आफ्नै घरमा सुरक्षित भई यस प्रकारका धार्मिक सांस्कृतिक कार्य गर्नुहुन ।

५. होटल, रेष्टुरन्ट, अत्यावश्यक दैनिक उपभोग्य वस्तुको पसल, बैंक तथा वित्तीय संस्थाको हकमा २०७७।६।२६ मा जारी सूचना बमोजिम गर्नु गराउनुहुन ।

६. कोभिड-१९ विरुद्धको औषधी तथा भ्याक्सिन उपलब्ध नभएको वर्तमान अवस्थामा नागरिक स्वयं सचेत, सजग, सतर्क र अनुशासित हुनु नै यस विरुद्ध लड्ने एकमात्र विकल्प देखिएको




Scanned with CamScanner

कालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
धैबुङ, रसुवा

प.सं. : २०७७।७८ बागमती प्रदेश, नेपाल
च.नं. : फोन: ०१०-५४२०१६

हुँदा संक्रमण र महामारीमा अरु कसैले केही गरिदेला भन्ने भन्दा पनि म र मेरो परिवारको लागि आफैले जिम्मेवार भई सोच्नुपर्छ भन्ने विषयलाई गम्भीरतापूर्वक लिनुहुन ।

७. यस अगाडी राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट सबैको निशुल्क कोभिड-१९ परीक्षण भईरहेकोमा मिति २०७७।७।३ को निर्णयानुसार लक्षण वा चिन्ह देखिएका तोकिएका लक्षित वर्ग बाहेक अन्य व्यक्तिहरुले आफ्नै खर्चमा कोभिड-१९ परीक्षण गर्नुपर्ने भनि लेखी आएको हुँदा सोही अनुसार गर्नु गराउनुहुन ।

८. हाल संक्रमण पुष्टि भएका सम्पूर्ण व्यक्तिका परिवार तथा वहाँहरुको नजिकको सम्पर्कमा रहनुभएका व्यक्तिहरुले उच्च सतर्कता अपनाई आफु सुरक्षित रहने र अरुलाई समेत सुरक्षित राख्ने व्यवस्था मिलाउनुहुन ।

९. सम्भव भएसम्म जो जहाँ छौं त्यहीं बसेर चाडबाड मनाउने व्यवस्था मिलाई चाडबाडको समयमा हुनसक्ने उच्च जोखिमलाई ध्यानमा राखी सकेसम्म घरबाहिरको यात्रा नगर्नु नगराउनुहुन ।

१०. विद्यमान अवस्थामा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारबाट भएका निर्णय तथा नीति निर्देशनहरुको अनुशासित भई पालना गर्नु गराउनुहुन ।

११. यो सूचनाको वरखिलाप हुने गरी कोही कसैले कुनै कार्य गरेको पाईएमा संक्रामक रोग ऐन, २०२० तथा अन्य प्रचलित ऐन नियम बमोजिम कारवाही हुने व्यहोरा अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत

प्रि. प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner